# एकीकृत दूरसञ्चार नीति, २०८३

## (मस्यौदा)

नेपाल दूरसञ्चार प्राधिकरण

जमल, काठमाडौं

# एकीकृत दूरसञ्चार नीति, २०८३

## परिच्छेद-१ः परिचय

### १.१ पृष्ठभूमिः

दूरसञ्चार क्षेत्रको अभुतपूर्व रुपमा विकास र विस्तार भईरहेको छ। पछिल्ला बर्षहरुलाई नियाल्दा प्रत्येक दशकमा नयाँ प्रविधि एवं सेवाहरु विकास भईरहेका छन् र नेपालमा समेत नियमित रुपमा नवीनतम प्रविधिहरु भित्र्याउदै उपभोक्तालाई गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गरिदै आईरहेको छ। कुनै समयमा भ्वाईसमा सिमित रहेको दूरसञ्चार सेवा ईन्टरनेटको विकास सँगै आज सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology - ICT) सेवामा रुपान्तरण भईसकेको छ। सूचना तथा सञ्चार प्रविधिमा भएको द्रूत विकासले गर्दा दूरसञ्चार क्षेत्र अत्यावश्यक पूर्वाधारको रुपमा स्थापित भई राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरु (शिक्षा, स्वास्थ, पर्यटन, उद्योग, उर्जा आदि) को उत्पादकत्व, विकास र विस्तार समेत दूरसञ्चार क्षेत्रको विकाससँग निर्भर हुनुपर्ने अवस्था सिर्जना भएको छ। नेपालको सामाजिक एवं आर्थिक विकासको लागि तथा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न गुणस्तरीय, सुरक्षित एवं भरपर्दो नवीनतम दूरसञ्चार सेवा सर्वसुलभ मूल्यमा आम उपभोक्ताको पहुँचमा पुर्याउनु आजको प्रमुख आवश्यकता रहेको छ।

यस अघि दूरसञ्चार सेवालाई राष्ट्रिय विकासको पूर्वाधारको रुपमा स्वीकार गर्दै राष्ट्रिय सञ्चार नीति, २०४९ लागू भएको थियो। यस क्षेत्रको विकासको लागि निजी क्षेत्रलाई समेत संलग्न गराउने, कम्तीमा ६ घण्टा पैदल यात्रामा दुर्गम भेगमासमेत दूरसञ्चार प्रणाली स्थापना गर्ने र सञ्चार उपकरणको उत्पादन देशभित्रै गर्न प्रोत्साहन गर्नेसमेत उद्देश्य उक्त नीतिको रहेको थियो। दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्न भिन्नै ऐनको आवश्यकता महशुस गरी दूरसञ्चार ऐन, २०५३ जारी गरियो। यस ऐनद्वारा नेपाल दूरसञ्चार प्राधिकरणलाई यस क्षेत्रको नियामक निकायको रुपमा गठन गरी सेवा प्रदायकहरुलाई नियमन गर्ने अधिकार प्रदान गरियो। तत्पश्चात सेवाको वर्गीकरण, अन्तरआवद्धता, दूरसञ्चार सेवाको अनुमति पत्रको प्रकार लगायतका विषयमा थप स्पष्ट पार्ने उद्देश्यले दूरसञ्चार नीति, २०५६ जारी गरियो जसमा दूरसञ्चार सेवालाई आधारभूत टेलिफोन सेवा, मोबाइल सेवा र अतिरिक्त सेवामा विभाजन गरियो। सोही नीतिको घोषणा अनुरुप दूरसञ्चार ऐन, २०५३ को दफा २३ (२) मा संशोधन गरी दफा २३ (२) बमोजिमको अनुमतिपत्रको संख्या असीमित हुने र सो बमोजिम खुला भएको सेवाको अनुमतिपत्र जुनसुकै बखत प्राप्त गर्ने गरी प्रावधान राखिएको थियो।

एकीकृत रुपमा सूचना तथा सञ्चार प्रविधिको विकासको लागि लागू भएको सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालिन नीति, २०५९ मार्फत विश्वमा सञ्चार तथा प्रसारणको क्षेत्रमा विकसित अत्याधुनिक प्रविधिको समन्वयात्मक तथा प्रतिष्पर्धात्मक रुपमा उपयोग गरी दूरसञ्चार तथा प्रसारणको माध्यमको विकास र विस्तार गर्ने उद्देश्य लिइएको थियो। दूरसञ्चार सेवामा ग्रामीण तथा शहरी क्षेत्रका सर्वसाधारणको पहुँच, अधिराज्यका शहरी छेत्रमा माग अनुसार सेवाको उपलव्धता, शहरी क्षेत्रका सेवाप्रदायक बीच प्रतिस्पर्धाको सुरुवात गरी ग्रामीण क्षेत्रमा समेत प्रतिस्पर्धी वातावरण गराउने तथा ग्रामीण क्षेत्रको विकास तथा गरीबी निवारणको लागि उपयुक्त सूचना तथा सञ्चार प्रविधि को प्रयोग गर्न पाउने व्यवस्था गर्ने उदेश्य लिई दूरसञ्चार नीति, २०६० जारी गरियो। त्यस्तै ब्रोडब्याण्ड नीति, २०७१ मार्फत नेपालका शहरी तथा ग्रामीण क्षेत्रहरुमा माग भए बमोजिम सुरक्षित, सर्वसुलभ तथा भरपर्दो ब्रोडब्याण्ड सेवा पुर्याउने तथा क्षिक्षा, स्वास्थ्य, कृषि लगायत सरकारी, सामाजिक एवं ब्यापारिक क्षेत्रमा सेवाको

प्रभावकारी प्रयोग अभिवृद्धि गर्दै राष्ट्रको समग्र सामाजिक आर्थिक विकासमा टेवा पुर्याउने उद्धेश्य लिइएको छ। यस्तै गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत नेपाललाई सूचना तथा ज्ञानमा आधारित समाजमा रुपान्तरण गर्ने भावी सोच तथा सूचना तथा सञ्चार प्रविधि मार्फत देशभर सुशासन, दिगो विकास एवं गरिबी न्यूनीकरणका लक्ष्यहरु हासिल गर्ने परिदृश्य सहित सूचना तथा सञ्चार नीति, २०७१ जारी गरियो।

दूरसञ्चार पूर्वाधारमा भइरहेको अनावश्यक दोहोरो लगानीलाई न्यून गरी दूरसञ्चार सेवा सस्तो बनाउन, दूरसञ्चार पूर्वाधार छिटो छरितो रुपमा विस्तार गरी सेवा सर्वसुलभ बनाउन र वातावरणीय संरक्षण र सौन्दर्यताका लागि दूरसञ्चारका पूर्वाधारको निर्माण तथा प्रयोगलाई व्यवस्थित गर्न दूरसञ्चार पूर्वाधारको सहप्रयोग सम्बन्धी व्यवस्था गर्न, दूरसञ्चार ऐन, २०५३ को दफा ६१ अनुसार नेपाल सरकारले दूरसञ्चार पूर्वाधार नियमावली २०७४ समेत जारी गरेको छ।

यसै सन्दर्भमा नेपालको वृहत्तर सामाजिक आर्थिक विकास तथा समृद्धिका लागि सिंगो मुलुकको डिजिटल रुपान्तरण गर्न सूचना तथा सञ्चार प्रविधिलाई आर्थिक विकासको Enabler को रुपमा प्रयोग गरी यसलाई कृषि, उद्योग, भुमि व्यवस्थापन, स्वास्थ्य, सुशासन, शिक्षा, ऊर्जा, पर्यटन, वित्त, सहरी पूर्वाधार जस्ता अन्य क्षेत्रमा समेत सशक्त ढंगले प्रयोग गरी हरेक क्षेत्रको समग्र विकासको लक्ष्य पूरा गर्न नेपाल सरकारले डिजिटल नेपाल फ्रेमवर्क २०७७ जारी गरेको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विभिन्न क्षेत्रहरुको विकास वा विस्तारमा दक्षता र उत्पादकत्व बढाउने सन्दर्भमा यस फ्रेमवर्कले क्षेत्रगत रुपमा विस्तृत कार्यक्रम तथा योजनाहरु उल्लेख गरेको छ।

नेपालमा दूरसञ्चार सेवामा निजी क्षेत्रलाई समेत संलग्न गराई दूरसञ्चार सेवालाई भरपर्दो र सर्वसुलभ बनाउन तथा त्यस्तो सेवालाई नियमित र व्यवस्थित गर्न दूरसञ्चार ऐन, २०५३ तथा दूरसञ्चार नियमावली, २०५४ हाल कार्यान्वयनमा रहेका छन्। दूरसञ्चार सेवाको विकास र विस्तारको लागि अनुकुल बातावरण बनाउने उदेश्य सहित सूचना र सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९, दूरसञ्चार नीति, २०६० एवं ब्रोडब्याण्ड पूर्वाधार र सेवाको विकास, विस्तार तथा प्रवर्द्धन सुनिश्चित गरी दिगो, समतामुलक, समावेशी विकास गर्ने सोच सहित ब्रोडब्याण्ड नीति, २०७१ कार्यान्वयनमा रहेको छ। सतही सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट नेपाललाई सूचना तथा ज्ञानमा आधारित समाजमा रुपान्तरण गर्ने लक्ष्य सहित सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ कार्यान्वयनको चरणमा रहेको छ। यसका साथै सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार र प्रयोगसँग सम्बन्धित स्याटेलाइट नीति, २०७७, राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० एवं दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८० समेत कार्यान्वयनको चरणमा रहेका छन्।

भ्वाइसमा आधारित दूरसञ्चार सेवा प्रदान गर्नको लागि हाल आधारभुत दूरसञ्चार सेवा, GSM Cellular Mobile सेवा र आधारभुत टेलिफोन सेवा गरी तीन प्रकारका अनुमति पत्र प्रदान गर्रिंदै आएको अवस्था छ। त्यसै गरी अन्तर्राष्ट्रिय ब्याण्डविथ भित्र्याउन र नेटवर्क विस्तार गर्न नेटवर्क सेवा प्रदायक, ग्रामीण र विकट स्थानहरुमा सेवा प्रदान गर्नको लागि VSAT तथा GMPCS सेवा साथै, ब्रोडव्याण्ड सेवा प्रदान गर्नको लागि इन्टरनेट सेवा प्रदायकको अनुमति पत्र खुला गरिएको छ। सोही बमोजिम हाल २ वटा प्रमूख सेवा प्रदायकहरुले भ्वाइसमा आधारित दूरसञ्चार सेवा प्रदान गरिरहेको अवस्था छ भने १०२ इन्टरनेट सेवा प्रदायक र २६ वटा नेटवर्क सेवा प्रदायकले सेवा प्रदान गरिरहेका छन्।

विश्वमा दूरसञ्चार तथा सूचना प्रविधिमा द्रुत गतिमा भईरहेको विकासबाट नेपाल समेत अछुतो रहेको छैन। Subscription को आधारमा भ्वाइस र ब्रोडव्याण्ड सेवाको घनत्व १०० प्रतिशत भन्दा बढी रहेको तथ्याङ्क छ। Fixed Broadband को हकमा लगभग ५३ प्रतिशत जनसंख्यामा पहुँच पुगेको छ भने Mobile Broadband को पहुँच ९५ प्रतिशत भन्दा बढी रहेको छ। यद्यपि, उपलब्ध दूरसञ्चार सेवाहरुको गुणस्तरमा सुधार गर्न, ग्रामीण तथा उच्च पहाडी क्षेत्रहरुमा पहुँच विस्तार गर्न तथा भरपर्दो सेवाको प्रत्याभुति गर्न अझ काम गर्नुपर्ने आवश्यकता छ। साथै, Over The Top (OTT) सेवाको विकास र विस्तारले सेवा प्रदायकको आम्दानीमा पारेको असर, पूर्वाधार विकासमा पारेको चुनौती, Revenue Shifting लगायतलाई विचार गर्दै समान प्रकारका सेवा प्रदायकबिच Level Playing Field कायम गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ।

ब्रोडव्याण्ड नीति, २०७१ तथा सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले लिएका लक्ष्यहरु अनुरुप राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरुमा दूरसञ्चार सेवाको प्रयोग गरी सार्वजनिक सेवा सुविधा विस्तार एवं देशको आर्थिक तथा सामाजिक विकास गर्ने सन्दर्भमा वित्तीय क्षेत्र, केही सरकारी सेवा लगायतमा दूरसञ्चार सेवाको प्रयोग भए पनि अन्य क्षेत्रहरुमा दूरसञ्चार सेवाको प्रयोग अपेक्षाकृत रुपमा बढाउन थप कार्य गर्नुपर्ने अवस्था रहेको छ।

उपरोक्त परिप्रेक्ष्यमा एकिकृत दूरसञ्चार नीति, २०८३ को तर्जुमा गर्नुको उद्देश्य नेपालमा नवीनतम दूरसञ्चार प्रविधि एवं सेवाको विकास, विस्तार र प्रयोगलाई बृद्दी गर्दै डिजिटल रुपान्तरणको माध्यामबाट देशको सामाजिक एवं आर्थिक विकास मार्फत आम नेपालीको जनजीविकालाई सरल, सहज एवं गुणस्तरीय बनाउनु नै रहेको छ। यस नीति अन्तर्गत विभिन्न कार्यनीतिहरू, मार्गचित्रहरू र कार्यान्वयन योजनाहरू तयार गर्नु पर्ने हुन्छ, जसले नेपालको दूरसञ्चार सेवाको विकास, विस्तार र प्रयोगलाई प्रभावकारी ढंगले अगाडि बढाउन मद्दत गर्नेछ।

## १.२ समस्या, चुनौती, अवसर र नीतिको आवश्यकताः

### समस्या र चुनौती

क. दूरसञ्चार बजार मुख्यतः मोवाइल सेवामा प्रतिस्पर्धाको अभाव तथा अपेक्षाकृत रुपमा गुणस्तरमा कमी हुनु।

ख. ग्रामीण एवं भौगोलिक रुपमा विकट स्थान तथा राजमार्गहरुमा समेत नवीनतम प्रविधिबाट उपलब्ध गराईने भ्वाईस र मोवाइल ब्रोडब्याण्ड सेवाको पहुँच भरपर्दो रुपमा सुनिश्चित नहुनु।

ग. नवीनतम प्रविधि भित्र्याउन सेवा प्रदायकहरुले पूर्वाधारमा गर्नुपर्ने लगानी बढ्दो क्रममा रहनु तर सेवा प्रदायकको आम्दानी अपेक्षाकृत रुपमा वृद्दी नहुनु।

घ. दूरसञ्चारका पूर्वाधार, नेटवर्क, एप्लिकेसन एवं प्रयोगकर्ताको डाटाको सुरक्षा जोखिम बढ्दो क्रममा रहनु तर दूरसञ्चार प्रविधिको अध्ययन अनुसन्धानको लागि पूर्वाधार तथा दक्ष जनशक्तिको अभाव रहनु।

ङ. आम नागरिकको आम्दानीको तुलनामा अधिक दूरसञ्चार सेवा शुल्क, उपभोक्ताले प्रयोग गर्ने उपकरणको उच्च मूल्य तथा न्यून डिजिटल साक्षरताको कारणले डिजिटल समावेशीता पर्याप्त नहुनु।

च. दूरसञ्चार प्रविधि प्रयोग गरी नवप्रवर्तनको माध्यमबाट डिजिटल रुपान्तरणको लागि आवश्यक वातावरण नबन्नु।

छ. ग्रामीण दूरसञ्चार विकास कोषको प्रयोगमा विविधता नहुनु।

**अवसर**

क. राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरुमा दूरसञ्चार प्रविधिको प्रयोगद्वारा उत्पादकत्व वृद्दी गरी देशको आर्थिक तथा सामाजिक विकास गर्न सकिने।

ख. नवप्रवर्तन र डिजिटल रुपान्तरणको माध्यमबाट डिजिटल अर्थतन्त्र निर्माण गर्न सकिने।

ग. विश्वव्यापी रुपमा भईरहको दूरसञ्चार प्रविधिको विकासबाट नेपालले अन्तर्राष्ट्रिय सहकार्य र ज्ञान आदान प्रदान गरी Innovation Divide कम गर्न सकिने।

**नीतिको आवश्यकताः**

क. दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विद्यमान सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालिन नीति ,२०५९, दूरसञ्चार नीति ,२०६० ,ब्रोडव्याण्ड नीति ,२०७१ तथा सूचना तथा सञ्चार प्रविधि नीती ,२०७२ लाई एकीकृत गरी एवं उपर्युक्त नीति लगायत स्याटेलाइट नीति, २०७७, राष्ट्रिय साइबर सूरक्षा नीति, २०८०, दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८०, तथा राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (ए.आई.) नीति, २०८२ को कार्यान्वयनलाई समेत सहज तथा प्रभावकारी बनाउन।

ख. दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विद्यमान नीतिहरुले तोकेका लक्ष्यहरु केही हदसम्म प्राप्त भईसकेको हुनाले नयाँ लक्ष्यहरु तोकी नीतिलाई समय सापेक्ष बनाउन।

ग. दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विद्यमान नीतिहरु पुनरावलोकन गर्दै प्राप्त हुन बाँकी लक्ष्यहरुको समिक्षा गरी समय सापेक्ष रुपमा परिमार्जन गर्न।

घ. नवीनतम प्रविधि सापेक्ष नीति तर्जुमा गर्दै प्रविधिको विकासले प्रदान गरेका अवसरहरुलाई आम उपभोक्ता समक्ष पुर्याउन।

**परिच्छेद-२: नीति संरचना**

## २.१ दूरदृष्टि:

दूरसञ्चार प्रविधिको उपयोग गरी नेपालको डिजिटल रुपान्तरणलाई तीव्र बनाउँदै, दैनिक जीवनलाई सहज बनाउने, समावेशी आर्थिक बृद्दीलाई प्रोत्साहन गर्ने र सबै नागरिकहरुमा डिजिटल अवसरहरुको समान पहुँच सुनिश्चित गर्ने।

## २.२ ध्येय:

दूरसञ्चार सेवालाई गुणस्तरीय, सुरक्षित, भरपर्दो र सर्वसुलभ बनाई विभिन्न क्षेत्रहरुमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गरी डिजिटल रुपान्तरणको माध्यमबाट देशको आर्थिक तथा सामाजिक विकास गर्नु।

## २.३ लक्ष्य:

क. उच्च गुणस्तरको (Minimum 50 Mbps) ब्रोडव्याण्ड सहितको दूरसञ्चार सेवाको पहुँच पाँच वर्षमा ८०% र दश वर्षमा ९८% जनसंख्यामा पुर्याउने।

ख. प्रारम्भिक ब्रोडव्याण्ड सेवा शुल्कलाई पाँच वर्षमा प्रति व्यक्ति कुल राष्ट्रिय आम्दानी (Gross National Income per Capita) को २% भित्र र दश वर्षमा १.५% भित्र पार्ने।

ग. कुल ग्राहस्थ (Gross Domestic Product) मा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रत्यक्ष योगदान पाँच वर्षमा ४% र दश वर्षमा ७% पुर्याउने।

घ. डिजिटल सीप विकासलाई प्रोत्साहन गरी डिजिटल साक्षरता पाँच वर्षमा ६०% र दश वर्षमा ८५% पुर्याउने।

## २.४ उद्देश्य:

क. व्यवस्थित, पारदर्शी एवं प्रतिस्पर्धी दूरसञ्चार बजारलाई प्रवर्द्धन गर्दै नवप्रवर्तन र लगानीलाई प्रोत्साहन गरी आम नागरिकको लागि सुरक्षित, भरपर्दो, सर्वसुलभ र गुणस्तरीय दूरसञ्चार सेवामा पहुँच सुनिश्चित गर्नु।

ख. दुर्गम तथा ग्रामीण क्षेत्रहरुमा पूर्वाधारको विस्तारको नीति, नविनतम प्रविधिको प्रयोग र प्रभावकारी सार्वजनिक-निजी साझेदारी मार्फत दूरसञ्चार पूर्वाधारको विकास, विस्तार, सर्वसुलभ पहुँच एवं प्रयोगलाई तीव्र बनाई डिजिटल खाडल कम गर्नु।

ग. दूरसञ्चार क्षेत्रको लागि आवश्यक जनशक्तिको क्षमता विकास तथा नवीनतम प्रविधिको अध्ययन अनुसन्धानलाई प्रोत्साहन गरी राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरुमा दूरसञ्चार प्रविधिको प्रयोग ,डिजिटल नवप्रवर्तन र रुपान्तरणलाई सहजीकरण गर्नु।

घ. दूरसञ्चार सम्बन्धी विद्यमान कानुनहरुलाई समयानुकुल परिमार्जन एवं कार्यान्वयन संयन्त्रलाई प्रभावकारी बनाउँदै डिजिटल अधिकार र साइबर सुरक्षा सहितको सीप एवं ज्ञानमा आधारित समाज निर्माण गर्नु।

## २.५ नीतिः

क. नवीनतम दूरसञ्चार सेवाको देशव्यापी उपलव्धता तथा सेवामा सबै नागरिकहरुको पहुँच सुनिश्चित गरिनेछ।

ख. दूरसञ्चार प्रणालीलाई गुणस्तरीय, भरपर्दो, सुरक्षित एवं उत्थानशिल बनाइनेछ।

ग. दूरसञ्चार सेवा तथा पूर्वाधारको अनुमतिपत्र एवं रेडियो फ्रिक्वेन्सी वितरणको प्रक्रियालाई थप सहज बनाइनेछ।

घ. निजी क्षेत्र एवं बिदेशी लगानीकर्ताको सहकार्यमा दूरसञ्चार क्षेत्रलाई प्रतिस्पर्धी एवं दिगो बनाइनेछ।

ङ. दूरसञ्चारसँग सम्बन्धित कानुनहरुको परिमार्जन, संस्थाहरुको सुदृढीकरण तथा जनशक्तिको दक्षता अभिबृद्दी गरिनेछ।

च. दूरसञ्चार प्रविधिको प्रयोग मार्फत डिजिटल रुपान्तरण गर्दै सीप एवं ज्ञानमा आधारित समाज निर्माण गरिनेछ।

## २.६ रणनीतिः

**नीति २.५ (क) सँग सम्बन्धितः**

२.६.१ ग्रामीण, दुर्गम तथा विकट भौगोलिक क्षेत्रहरूसम्म दूरसञ्चार पूर्वाधार विस्तार गर्ने।

२.६.२ दूरसञ्चार सेवालाई सस्तो (Affordable) एवं सर्वसुलभ बनाउँदै समावेशी पहुँच प्रवर्द्धन गर्ने।

**नीति २.५ (ख) सँग सम्बन्धितः**

२.६.३ दूरसञ्चार सेवाको गुणस्तर तथा नेटवर्कको भरपर्दोपन अभिवृद्धि गर्ने।

२.६.४ दूरसञ्चार नेटवर्कको साइबर सुरक्षा तथा सूचना सुरक्षालाई सुदृढ गर्ने।

२.६.५ विपद प्रतिरोधी तथा आपतकालीन सञ्चार क्षमता विकास गर्ने।

**नीति २.५ (ग) सँग सम्बन्धितः**

२.६.६ दूरसञ्चार सेवा एवं पूर्वाधारको अनुमतिपत्रलाई सरल, पारदर्शी एवं व्यवस्थित बनाउने।

२.६.७ रेडियो फ्रिक्वेन्सीको समुचित बाँडफाँट एवं वितरण तथा उच्चतम उपयोग गर्ने।

**नीति २.५ (घ) सँग सम्बन्धितः**

२.६.८ दूरसञ्चार क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्ने।

२.६.९ पूर्वाधार सहप्रयोग प्रवर्द्धन गर्दै सहकार्य र स्वस्थ प्रतिस्पर्धाको वातावरण तयार गर्ने।

२.६.१० दूरसञ्चार क्षेत्रलाई व्यवस्थित, दिगो तथा वातावरणमैत्री बनाउने।

**नीति २.५ (ङ) सँग सम्बन्धितः**

२.६.११ दूरसञ्चार क्षेत्रको समग्र विकासको लागि कानुनी व्यवस्थाहरुलाई परिस्कृत गर्ने।

२.६.१२ सशक्त नियामक निकाय एवं सक्षम मानव संसाधन विकास गर्ने।

२.६.१३ दूरसञ्चार क्षेत्रको विकास र विस्तारको लागि अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय एवं सहकार्य गर्ने।

**नीति २.५ (च) सँग सम्बन्धित:**

२.६.१४ क्षेत्रगत विकास, सार्वजनिक सेवाहरुको सुधार र समग्र उत्पादकत्व वृद्दी गर्न दूरसञ्चार सेवाको अर्थपूर्ण प्रयोग प्रवर्द्धन गर्ने।

२.६.१५ डिजिटल समाज निर्माणको लागि शिक्षा एवं सचेतना, सीप विकास, दक्ष जनशक्ति विकास एवं उपभोक्ता हकहित संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।

२.६.१६ दूरसञ्चार प्रविधिसँग सम्बन्धित विषयको अध्ययन, अनुसन्धान, प्रयोग तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने।

## २.७ कार्यनीतिः

### रणनीति २.६.१ सँग सम्बन्धित (ग्रामीण, दुर्गम तथा विकट भौगोलिक क्षेत्रहरूसम्म दूरसञ्चार पूर्वाधार विस्तार गर्ने।)

२.७.१ उच्च क्षमताको दूरसञ्चार प्रविधिको पहुँच नपुगेका ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा ग्रामीण दूरसञ्चार विकास कोषको प्रभावकारी परिचालन गरी ब्रोडव्याण्ड पूर्वाधार विस्तार गर्ने।

२.७.२ सम्पूर्ण नागरिकको पहुँचमा ब्रोडव्याण्ड सहितको दूरसञ्चार सेवा पुर्याउन देशव्यापी सूचना महामार्ग निर्माणको कार्यलाई द्रुतगतिमा अगाडि बढाउने।

२.७.३ राजमार्गहरुमा दूरसञ्चार सेवाको विस्तार एवं उपलव्ध सेवाको स्तरोन्नतरी गर्ने।

२.७.४ ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी तयार गरिएको Access Network हरुको प्रभावकारी सञ्चालन एवं अनुगमन गर्ने।

२.७.५ आधारभुत सेवाहरु प्रदान गर्ने सरकारी निकाय, स्वास्थ्य तथा शिक्षण संस्था, धार्मिक एवं पर्यटकीय स्थलहरुमा सर्वसुलभ रुपमा दूरसञ्चार सेवा उपलव्धताको लागि आवश्यक व्यवस्था गर्ने।

२.७.६ अनुमतिपत्र एवं फ्रिक्वेन्सी प्रदान गर्दा सेवा विस्तारको निश्चित शर्तहरु (Rollout Obligations) तोकी पहुँच बाहिर रहेका स्थानहरुमा सेवा विस्तार गर्ने।

२.७.७ सेवा प्रदायकको वार्षिक आम्दानीको निश्चित प्रतिशत अनिवार्य रुपमा पिछडिएको क्षेत्रमा लगानी गर्नुपर्ने वाध्यकारी व्यवस्था गर्ने।

२.७.८ दूरसञ्चार प्रविधिका फाइदालाई आम उपभोक्ता समक्ष समयमा नै पुर्याउनको लागि नविनतम, उन्नत एवं वैकल्पिक प्रविधिहरु (जस्तै: Fiber, 5G, FWA, IoT, Satellites, HAPS आदि) को परिक्षण एवं व्यवसायिक प्रयोगलाई प्रोत्साहन गर्ने।

२.७.९ GIS मा आधारित दूरसञ्चार पूर्वाधार व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने।

**रणनीति २.६.२ सँग सम्बन्धित (दूरसञ्चार सेवालाई सस्तो (Affordable) एवं सर्वसुलभ बनाउँदै समावेशी पहुँच प्रवर्द्धन गर्ने।)**

२.७.१० दूरसञ्चार सेवा शुल्कलाई प्रभाव पार्ने कर, दूरसञ्चार सेवा शुल्क तथा दस्तुरहरूलाई तर्कसंगत पुनरावलोकन गर्ने।

२.७.११ वैज्ञानिक तथा सरलीकृत सेवा शुल्क लागू गर्न महशुल दर स्वीकृति सम्बन्धि निर्देशिका तयार पारि कार्यान्वयनमा ल्याउने।

२.७.१२ अन्तर्राष्ट्रिय व्याण्डविथको मूल्य कम गर्नको लागि समुद्रसम्म पहुँच पुर्याउने एवं व्याण्डविथ खरिद तथा वितरण प्रक्रियालाई थप व्यवस्थित गर्ने।

२.७.१३ ब्रोडव्याण्ड सेवामा उपभोक्ताको पहुँच बढाउन देशभित्र दूरसञ्चार उपकरण (Hardware, Software) को उत्पादन/Assembling गर्ने कार्यलाई प्रोत्साहन तथा दूरसञ्चार उपकरणमा कर सहुलियत प्रदान गर्ने।

२.७.१४ दूरसञ्चार सेवामा महिला, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको पहुँच प्रवर्द्धन गरी Digital Inclusion सुनिश्चित गर्न किफायती सेवा प्याकेज तथा लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने।

२.७.१५ उपभोक्ताले सेवा प्रदायक छनौट गर्न पाउने अवसर सुनिश्चित गर्ने।

**रणनीति २.६.३ सँग सम्बन्धित (दूरसञ्चार सेवाको गुणस्तर तथा नेटवर्कको भरपर्दोपन अभिवृद्धि गर्ने।)**

२.७.१६ दूरसञ्चार पूर्वाधार, प्रणाली तथा सेवालाई थप व्यवस्थित, भरपर्दो र गुणस्तरीय बनाउन दूरसञ्चार नेटवर्क डिजाइन, स्थापना, सञ्चालन र प्राविधिक परीक्षण सम्बन्धी मापदण्ड बनाउने।

२.७.१७ सेवाको गुणस्तर सम्बन्धी समय सापेक्ष मापदण्ड निर्धारण गरी सोको पूर्ण पालना सुनिश्चित गर्ने।

**रणनीति २.६.४ सँग सम्बन्धित (दूरसञ्चार नेटवर्कको साइबर सुरक्षा तथा सूचना सुरक्षालाई सुदृढ गर्ने।)**

२.७.१८ दूरसञ्चार नेटवर्क तथा उपकरण (Hardware, Software) हरुको सुरक्षाको लागि आवश्यक मापदण्ड बनाउने।

२.७.१९ ग्राहकसँग सम्बन्धित तथ्याङ्कहरु संकलन, भण्डारण तथा प्रशोधन गर्दा सुरक्षा, गोपनियता, अखण्डता, उपलव्धता तथा जवाफदेहीता प्रत्याभूति गर्न अनिवार्य व्यवस्था गर्ने।

२.७.२० सार्वजनिक स्थानमा उपलव्ध WiFi सेवालाई नियमन तथा व्यवस्थापन गर्ने।

२.७.२१ नियामक, सेवा प्रदायक एवं विज्ञ सम्मिलित CERT (Computer Emergency Response Team) मार्फत साइबर सुरक्षा निगरानी र प्रतिक्रिया प्रणाली सुदृढ बनाउने।

**रणनीति २.६.५ सँग सम्बन्धित (विपद प्रतिरोधी तथा आपतकालीन सञ्चार क्षमता विकास गर्ने।)**

२.७.२२ सम्भावित विपदमा समेत दूरसञ्चार सेवा सुचारु रहन सक्ने गरी विपद प्रतिरोधी पूर्वाधार तथा वैकल्पिक नेटवर्क संरचनाको विकास गराउने।

२.७.२३ विपद व्यवस्थापन, पुनर्स्थापना तथा पुनर्निर्माणको निमित्त दूरसञ्चार प्रणाली तयारी अवस्थामा राख्न बिस्तृत योजना (National Emergency Telecommunication Plans) तयार पार्ने।

२.७.२४ सेवामा अवरोध नआउने सुनिश्चित गर्न सेवा प्रदायकहरुले Business Continuity Plan बनाउनु पर्ने व्यवस्था गर्ने।

२.७.२५ सम्भावित विपदका जोखिमबारे सबै नागरिकसम्म समयमै सूचना पुऱ्याउने Early Warning for All प्रणालीको विकास तथा प्रभावकारी कार्यान्वयन गर्ने।

**रणनीति २.६.६ सँग सम्बन्धित (दूरसञ्चार सेवा एवं पूर्वाधारको अनुमतिपत्रलाई सरल, पारदर्शी एवं व्यवस्थित बनाउने।)**

२.७.२६ अनुमतिपत्रलाई एकीकृत अनुमतिपत्र (सेलुलर फ्रिक्वेन्सी प्राप्त गर्नेलाई प्रदान गरिने अनुमतिपत्र), साधारण अनुमतिपत्र (नेटवर्क सेवा, इन्टरनेट सेवा), पुर्वाधार अनुमतिपत्र (टावर पुर्वाधार, फाइबर पुर्वाधार, Access पूर्वाधार, Shelter पूर्वाधार आदि) र अन्य अनुमतिपत्र (Value Added) मा वर्गीकरण गर्ने।

२.७.२७ प्रविधि तथा सेवा तटस्थ नीति अवलम्बन गरी खुल्ला एवं पारदर्शी बिधि मार्फत अनुमति पत्र प्रदान गर्ने।

२.७.२८ हाल अनुमतिपत्र एवं फ्रिक्वेन्सीमा फरक फरक प्रतिस्पर्धा गराइने गरिएकोमा अन्तर्राष्ट्रिय प्रचलनलाई मध्यनजर गरी फ्रिक्वेन्सी दस्तुरमा बढाबढ गरी अनुमतिपत्र प्रदान गर्ने।

२.७.२९ बार्षिक आम्दानीको निश्चित प्रतिशत अनुमतिपत्र नविकरण दस्तूर हुने गरी कायम गर्ने।

२.७.३० दूरसञ्चार पूर्वाधार सेवा प्रदान गरिरहेका सार्वजनिक निकायहरुलाई अनुमतिपत्रको दायरामा ल्याउने।

**रणनीति २.६.७ सँग सम्बन्धित (रेडियो फ्रिक्वेन्सीको समुचित बाँडफाँट एवं वितरण तथा उच्चतम उपयोग गर्ने।)**

२.७.३१ अन्तर्राष्ट्रिय प्रचलनलाई समेत आधार मानी सीमित श्रोतको रुपमा रहेको रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, सीमा तथा आधार मूल्य निर्धारण गर्ने।

२.७.३२ दूरसञ्चार पूर्वाधारमा हुने लगानीलाई कम गर्न, सेवाको गुणस्तरमा कमी आउन नदिन तथा नयाँ सेवा/प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न रेडियो फ्रिक्वेन्सीको अधिकतम उपलव्धता सुनिश्चित गर्ने।

२.७.३३ माग र आपूर्तिलाई मध्यनजर गर्दै फ्रिक्वेन्सी रोडम्याप तयार गर्ने तथा वितरणको प्रक्रियालाई पारदर्शी, वैज्ञानिक एवं परिस्कृत बनाउने।

२.७.३४ फ्रिक्वेन्सी प्रयोगको परीक्षण (Audit), स्थलगत अनुगमन एवं इन्टरफेरेन्स पहिचान तथा निवारणको लागि कार्यविधि तयार गरी लागू गर्ने।

## रणनीति २.६.८ सँग सम्बन्धित (दूरसञ्चार क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्ने।)

२.७.३५ स्थिर र पूर्वानुमानयोग्य नियामकीय वातावरण सहित समान अनुमतिपत्र प्राप्त सेवा प्रदायकलाई समान अवसर (Level Playing Field) सुनिश्चित गर्ने।

२.७.३६ न्यूनतम २०% (बीस प्रतिशत) स्वदेशी सहभागिता हुनु पर्ने गरी दूरसञ्चार क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने।

२.७.३७ दूरसञ्चार क्षेत्रको विकास र विस्तारमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न सरलीकृत कानुनी व्यवस्था गर्ने।

२.७.३८ दूरसञ्चार सेवासँग सम्बन्धित विषयहरुलाई एकद्वार प्रणाली मार्फत नियमन गर्ने।

## रणनीति २.६.९ सँग सम्बन्धित (पूर्वाधार सहप्रयोग प्रवर्द्धन गर्दै सहकार्य र स्वस्थ प्रतिस्पर्धाको वातावरण तयार गर्ने।)

२.७.३९ सहप्रयोग गर्न सकिने दूरसञ्चार पूर्वाधारमा दोहोरो लगानी निरुत्साहित गर्न दूरसञ्चार पूर्वाधारको सह-निर्माण एवं विस्तार कार्यलाई प्रोत्साहन गर्ने।

२.७.४० सेवाप्रदायकको स्वामित्वमा भएका पूर्वाधारहरु साझेदारी गर्न प्रोत्साहित गर्ने।

२.७.४१ सेवा प्रदायक र OTT/Content Provider हरुबीच सहकार्यको वातावरण तयार गर्ने।

२.७.४२ सेवा प्रदायकहरुबीच अन्तरआवद्दता (Interconnection) सुनिश्चित गर्ने।

२.७.४३ ग्राहकहरुले मोवाइल नम्बर परिवर्तन नगरी सेवा प्रदायक छनौट गर्न सक्ने (Mobile Number Portability) व्यवस्था गर्ने।

२.७.४४ सेवा प्रदायकका प्रतिस्पर्धा-विरोधी अभ्यास नियन्त्रण गर्ने।

## रणनीति २.६.१० सँग सम्बन्धित (दूरसञ्चार अभ्यासलाई व्यवस्थित, दिगो तथा वातावरणमैत्री बनाउने।)

२.७.४५ तार व्यवस्थापन गर्न Local Loop Unbundling का लागि स्थानीय सरकार तथा निजी क्षेत्र बीच समन्वय गरी आवश्यक व्यवस्था गर्ने।

२.७.४६ दूरसञ्चार सेवालाई सार्वजनिक Utility को रुपमा वर्गिकरण गर्दै सडक/राजमार्गहरुमा Duct स्थापना गर्न अनिवार्य व्यवस्था गर्ने।

२.७.४७ नवीनतम प्रविधिहरुलाई समेत समेट्ने गरी National Numbering Allocation/Assignment Plan, IP Addressing Scheme (IPv6) लाई अध्यावधिक गर्ने।

२.७.४८ डिजिटल KYC निर्देशिका जारी गरी सबै सेवा प्रदायकका ग्राहकहरुको पहिचान प्रणालीमा एकरुपता ल्याउने।

२.७.४९ विदेशी मुद्रा, उपकरण सिफारिश, Right of Way जस्ता कार्यलाई सरलीकृत र प्रभावकारी बनाउन अन्तर निकाय पोर्टल सञ्चालन गर्ने।

२.७.५० ऊर्जा दक्ष (Energy Efficient), हरित उर्जा (Green Energy) र वातावरणमैत्री दूरसञ्चार पूर्वाधार प्रयोगलाई प्रोत्साहन गर्ने।

२.७.५१ प्रयोगयोग्य नरहेका पुराना इलेक्ट्रोनिक उपकरण (e-Waste) हरुको Dismantle, संकलन, भण्डारण एवं पुनर्चक्रणको लागि आवश्यक व्यवस्था गर्ने।

२.७.५२ सेवा प्रदायकको आर्थिक दिगोपना (Financial Sustainability) को लागि सेवाको विविधिकरण (Data Center, Cloud, Digital Services etc.) गर्न प्रोत्साहन गर्ने।

२.७.५३ सेवा प्रदायक तथा ग्राहकहरुसँग सम्बन्धित विवाद समाधानको लागि Dispute Resolution Mechanisms लाई प्रभावकारी बनाउने।

## रणनीति २.६.११ सँग सम्बन्धित (दूरसञ्चार क्षेत्रको समग्र विकासको लागि कानुनी व्यवस्थाहरुलाई परिस्कृत गर्ने।)

२.७.५४ विद्यमान दूरसञ्चार ऐन, नियम लगायतका वैधानिक व्यवस्थाहरुको पुनरावलोकन र आवश्यक संशोधन गर्ने।

२.७.५५ सेवा प्रदायक कम्पनीको स्वामित्व परिवर्तन एवं सेयर खरिद-बिक्री र लगानी संरचना सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्ने।

२.७.५६ कानूनी निगरानी (Lawful Interception) को प्रयोग एवं प्रक्रिया सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्ने।

## रणनीति २.६.१२ सँग सम्बन्धित (सशक्त नियामक निकाय एवं सक्षम मानव संसाधन विकास गर्ने।)

२.७.५७ नियामकको संस्थागत संरचना सुदृढीकरण गरी दूरसञ्चार क्षेत्रको नियमन प्रारुपलाई अन्तर्राष्ट्रिय उत्तम प्रचलन बमोजिम समयानुकुल बनाउने।

२.७.५८ नियामकीय कार्यलाई प्रभावकारी बनाउनको लागि मानव संशाधनको दक्षता विकास एवं आवश्यक पूर्वाधारको व्यवस्था गर्ने।

२.७.५९ नियामकीय व्यवस्थाहरु कार्यान्वयनको सुनिश्चितताको लागि प्रभावकारी अनुगमन तथा अनुपालन कार्य गर्ने।

**रणनीति २.६.१३ सँग सम्बन्धित (दूरसञ्चार क्षेत्रको विकास र विस्तारको लागि अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय एवं सहकार्य गर्ने।)**

२.७.६० दूरसञ्चार सम्बन्धी अन्तर्राष्ट्रिय संघसस्था एवं विदेशी नियामकहरुसँग सुमधुर सम्बन्ध कायम गर्दै सहकार्य गर्ने।

२.७.६१ अन्तर्राष्ट्रिय संघसस्थाबाट प्राविधिक एवं रणनीतिक सहयोग प्राप्त गर्ने।

२.७.६२ दूरसञ्चारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसस्थाहरुले आयोजना गर्ने कार्यक्रमहरुमा राष्ट्रिय हितलाई मध्यनजर गर्दै नेपालका प्राथमिकताका विषयहरु प्रस्तुत गर्ने।

**रणनीति २.६.१४ सँग सम्बन्धित (क्षेत्रगत विकास, सार्वजनिक सेवाहरुको सुधार र समग्र उत्पादकत्व वृद्दी गर्न दूरसञ्चार तथा डिजिटल सेवाको अर्थपूर्ण प्रयोग प्रवर्द्धन गर्ने।)**

२.७.६३ संघिय सरकार, प्रदेश सरकार र स्थानीय तह मार्फत प्रदान गरिने सेवा एवं सूचना प्रवाहलाई स्वचालित एवं प्रभावकारी बनाउन दूरसञ्चार प्रविधिको अधिकतम प्रयोग गर्ने।

२.७.६४ दिगो विकासका लक्ष्य हाँसिल गर्न दूरसञ्चार प्रविधिको अधिकतम उपयोग गर्ने।

२.७.६५ शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन लगायतका क्षेत्रहरु (Sectors) मा ब्रोडव्याण्ड सेवाको अर्थपूर्ण पहुँच सुनिश्चित गर्न तथा डिजिटल सेवा प्रवाहलाई सहजीकरण गर्न सम्बन्धित मन्त्रालय, नियामक एवं अन्य निकायहरुको संस्थागत भूमिका तथा अन्तर-संस्थागत समन्वय सुदृढ बनाउने।

**रणनीति २.६.१५ सँग सम्बन्धित (डिजिटल समाज निर्माणको लागि शिक्षा एवं सचेतना, सीप विकास, दक्ष जनशक्ति विकास एवं उपभोक्ता हकहित संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।)**

२.७.६६ प्रविधिगत विकास र भविष्यको आवश्यकतालाई मध्यनजर गर्दै दक्ष जनशक्ति उत्पादन गर्न सरकार, निजी क्षेत्र तथा शैक्षिक संस्थाहरुबीच सहकार्य गर्ने।

२.७.६७ डिजिटल खाडल कम गर्न डिजिटल साक्षरता, सीप विकास एवं सुरक्षासँग सम्बन्धित कार्यक्रम तर्जुमा गरी लागू गर्ने।

२.७.६८ ग्रामीण क्षेत्रमा सामुदायिक सूचना केन्द्र स्थापना गरी प्रविधि मैत्री समाज विकास गर्ने।

२.७.६९ स्थानीय डिजिटल सामाग्रीको विकास (Content Development) को कार्यलाई प्रोत्साहन गर्ने।

२.७.७० दूरसञ्चारका उपभोक्ताको गुनासो समयमै सम्बोधन हुने एवं हकहित संरक्षण हुने व्यवस्थालाई प्रभावकारी बनाउने।

२.७.७१ दूरसञ्चार प्रविधिको दुरुपयोग गरी हुने सबै प्रकारका ठगी नियन्त्रण गर्न कानुनी एवं संरचनागत व्यवस्था गर्ने। अनलाइन बाल सुरक्षाको लागि आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने।

**रणनीति २.६.१६ सँग सम्बन्धित (दूरसञ्चार प्रविधिसँग सम्बन्धित विषयको अध्ययन, अनुसन्धान, प्रयोग तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने।)**

२.७.७२ विश्वविद्यालय, उद्योग, अनुसन्धानमा संलग्न संस्थाहरु लगायतसँग समन्वय गरी नवीनतम सञ्चार प्रविधि विषयमा अध्ययन, अनुसन्धानलाई प्रोत्साहन गर्ने।

२.७.७३ दूरसञ्चार सेवामा कृत्रिम बौद्धिकताको सदुपयोगलाई प्रोत्साहन गर्ने।

२.७.७४ दूरसञ्चार प्रविधिको विकास, प्रयोग र दक्ष जनशक्ति उत्पादनको लागि अध्ययन, अनुसन्धान तथा तालिम सञ्चालन गर्न सरोकारवालाहरुको समन्वयमा Innovation Hub/ Excellence Center/ Training Center को स्थापना गर्ने।

२.७.७५ सार्वजनिक तथा निजी क्षेत्र बीचको सहकार्यमा डिजिटल उद्यमशीलता विकास गर्ने कार्यलाई प्राथमिकता दिने।

२.७.७६ डिजिटल नवप्रवर्तन एवं Startup हरुलाई सहयोग गर्न नवप्रवर्तन कोषको व्यवस्था गर्ने।

परिच्छेद-३: नीति कार्यान्वयन

## ३.१ संस्थागत व्यवस्थाः

यस नीति कार्यान्वयनको नेतृत्व नेपाल दूरसञ्चार प्राधिकरणमार्फत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्नेछ। यो नीतिको कार्यान्वयनमा तीन तहको सरकार (संघ, प्रदेश, स्थानिय तह), निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुको समेत भूमिका अपरिहार्य हुने भएकोले सम्बद्ध सबै पक्षको समन्वयमा सहकार्य र साझेदारी गरिनेछ।

## ३.२ कानूनी व्यवस्थाः

यस नीति कार्यान्वयनका लागि विद्यमान कानूनहरूको पुनरावलोकन एवं थप कानूनहरूको निर्माण गरिनेछ।

## ३.३ वित्तीय श्रोत व्यवस्थापनः

यस नीतिको लक्ष्य प्राप्तिको लागि सरकारी, गैर सरकारी, निजी, अन्तर्राष्ट्रिय स्रोत साधनका साथै नेपाल दूरसञ्चार प्राधिकरणको कोष तथा ग्रामीण दूरसञ्चार विकास कोषको परिचालन गरिनेछ। दूरसञ्चार पूर्वाधारको विस्तार गर्दा लाग्ने लागत न्यूनीकरणको लागि आवश्यक उपायहरुको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ।

## ३.४ नीति समन्वय र सामन्जस्यताः

दूरसञ्चार सेवा अन्य क्षेत्रको डिजिटल रुपान्तरणको लागि सम्बाहक भएको हुँदा दूरसञ्चार सेवाको समुचित प्रयोगलाई प्रोत्सहन गर्न नेपाल सरकारले अङ्गीकार गरेका सूचना तथा सञ्चार प्रविधि संग सम्बन्धित फ्रेमवर्क, नीति एवं रणनीति संग सामन्जस्यताको लागि अन्य निकाय संग समन्वय गरी कार्य गरिने छ | अन्तराष्ट्रिय दूरसञ्चार संगले अङ्गीकार गरेका डिजिटल रेगुलेशनका आधारभूत शिद्धान्त अनुरुप दूरसञ्चार प्राधिकरणले Collaborative नियमनको लागि अन्य क्षेत्रमा नियामकहरु संग समेत समन्वय एवं सहकार्य गरी कार्य गरिने छ।

## ३.५ जोखिम पहिचान र ब्यवस्थापन

सीमित आर्थिक स्रोत, दक्ष जनशक्तिको अपर्याप्तता, परम्परागत संस्थागत संरचनागत तथा अन्तरनिकाय कार्यगत समन्वयको अभाव यस नीति कार्यान्वयनका मूख्य पक्षहरु रहन सक्नेछन्। यसको लागि श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण र अन्तराष्ट्रिय दूरसञ्चार संघसँग अनुभव आदान प्रदान, नियमन, प्रविधि विकास एवं विस्तार र सिप विकाश लगायतका विषयहरुमा समन्वय एवं सहकार्य गरिने छ।

## ३.६ अनुगमन, मुल्यांकन तथा नीति पुनरावलोकनः

यस नीति कार्यान्वयन नेपाल दूरसञ्चार प्राधिकरणमार्फत गरिनेछ। साथै प्रविधिमा आएको विकास र नवीनतम प्रविधिले उत्पन्न हुन् सक्ने चुनौती एवं उपलब्ध गराएका अवसरहरुलाई मध्येनगर गरी नीतिको समयानुकुल पुनारावलोकन गरिने छ।

यस नीतिको कार्यान्वयनको लागि आवश्यक निर्देशन र समन्वय गर्न देहायको निर्देशक समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग (दूरसञ्चार विषय हेर्ने) | -सदस्य |
| (ग) | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | -सदस्य |
| (घ) | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | -सदस्य |
| (ङ) | सह-सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (दूरसञ्चार विषय हेर्ने) | -सदस्य सचिव |

यस नीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने दायित्व निर्देशक समितिको हुनेछ।

## ३.७ नीति कार्यान्वयन कार्ययोजनाः

यस नीति कार्यान्वयन गर्न नीतिमा उल्लिखित कार्यनीतिमध्ये नियमित बजेटबाट कार्यान्वयन हुन सक्ने प्रकृतिका कार्यनीतिलाई राज्यका तीन तहका सरकारले आ-आफ्नो कार्यविभाजन एवं कार्यक्षेत्रअनुसार आफ्नो वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ। नीतिमा उल्लिखित सार्वजनिक क्षेत्रले गर्नुपर्ने कार्यहरू सार्वजनिक क्षेत्रले, निजी क्षेत्रले गर्नुपर्ने कार्यहरू निजी क्षेत्रले र सार्वजनिक तथा निजी क्षेत्रको साझेदारीमा गर्नुपर्ने कार्यहरू संयुक्त रूपमा कार्यान्वयन गरिनेछ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नीतिको प्रभावकारी कार्यान्वयनका लागि तयार गरेको अनुसूची-१ बमोजिमको कार्ययोजना अनुसारको कार्यको लागि आवश्यक समन्वय गर्नेछ। यस नीतिले लिएका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न नीति/रणनीति तथा कार्यनीतिसँग तादाम्यता मिलाई कार्यान्वयन गरिनेछ। यस नीति कार्यान्वयनको लागि नेपाल सरकारले समय-समयमा आवश्यक निर्देशन समेत दिन सक्ने छ। साथै, नीतिको कार्यान्वयनको सन्दर्भमा कुनै द्विविधा वा बाधा अड्काउ भएमा त्यसको व्याख्या सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्नेछ ।

## ३.८ खारेजी र बचाउः

दूरसञ्चार नीति, २०६०, ब्रोडव्याण्ड नीति, २०७१ तथा सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ खारेज गरिएको छ। उक्त नीतिहरु बमोजिम भए गरेका कामहरु यसै नीति बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १
## नीति कार्यान्वयन कार्ययोजना

| क्र.सं. | नीति तथा क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १ | उच्च क्षमताको दूरसञ्चार प्रविधिको पहुँच नपुगेका ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा ग्रामीण दूरसञ्चार विकास कोषको प्रभावकारी परिचालन गरी ब्रोडव्याण्ड पूर्वाधार विस्तार गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | दूरसञ्चार सेवा प्रदायकहरु | ५ बर्ष | ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा ब्रोडव्याण्ड पूर्वाधार विस्तार हुने। | स्थानहरुको पहिचान, ब्रोडव्याण्ड पूर्वाधार विस्तार सम्बन्धी विवरण |
| २ | सम्पूर्ण नागरिकको पहुँचमा ब्रोडव्याण्ड सहितको दूरसञ्चार सेवा पुर्याउन देशव्यापी सूचना महामार्ग निर्माणको कार्यलाई द्रुतगतिमा अगाडि बढाउने। | नेपाल दूरसञ्चार प्राधिकरण | दूरसञ्चार सेवा प्रदायकहरु | ३ बर्ष | देशव्यापी सूचना महामार्गको उच्चतम प्रयोग हुने। | सूचना महामार्ग निर्माणको प्रगति, उच्चतम प्रयोगको कार्यविधि निर्माण एवं कार्यान्वयन |
| ३ | राजमार्गहरुमा दूरसञ्चार सेवाको विस्तार एवं उपलव्ध सेवाको स्तरोन्नतरी गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | दूरसञ्चार सेवा प्रदायकहरु | २ बर्ष | राजमार्गहरुमा दूरसञ्चार सेवाको विस्तार एवं स्तरोन्नतरी हुने। | Gap Assessment Report, राजमार्गमा थप हुने पूर्वाधार |
| ४ | ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी तयार गरिएको नेटवर्कहरुको प्रभावकारी सञ्चालन एवं अनुगमन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | दूरसञ्चार सेवा प्रदायकहरु | निरन्तर | RTDF Access Network को प्रभावकारी सञ्चालन हुने। | RTDF Network Portal, Access Network मा थप हुने ग्राहक, प्राप्त हुने गुनासो |
| ५ | आधारभुत सेवाहरु प्रदान गर्ने सरकारी निकाय, स्वास्थ्य तथा शिक्षण संस्था, धार्मिक एवं पर्यटकीय स्थलहरुमा सर्वसुलभ रुपमा दूरसञ्चार सेवा उपलव्धताको लागि आवश्यक व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | २ बर्ष | सेवा आवश्यक पर्ने निकायहरु पहिचान हुने, सर्वसुलभ रुपमा दूरसञ्चार सेवा उपलव्ध हुने। | सर्वसुलभ दूरसञ्चार सेवा उपलव्ध गराउने सम्बन्धी कार्यविधि, सेवा प्राप्त गर्ने निकायहरुको संख्या |
| ६ | सेवा विस्तारको शर्तहरु (Rollout | नेपाल दूरसञ्चार | सञ्चार तथा सूचना | निरन्तर | पहुँच बाहिर रहेका एवं | अनुमतिपत्र एवं फ्रिक्वेन्सी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Obligations) एवं वार्षिक आम्दानीको निश्चित प्रतिशत रकम तोकिएको क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरी पहुँच बाहिर रहेका स्थानहरुमा सेवा विस्तार गर्ने। | प्राधिकरण | प्रविधि मन्त्रालय | | पिछडिएका स्थानहरुमा सेवा विस्तार हुने। | प्रदान गर्दा तोकिने शर्तहरुको प्रगति एवं वार्षिक सेवा विस्तार सम्बन्धमा सेवा प्रदायकले पेश गर्ने प्रतिवेदन। |
| ७ | नविनतम, उन्नत एवं वैकल्पिक प्रविधिहरु (जस्तैः Fiber, 5G, FWA, IoT, Satellites, HAPS आदि) को परिक्षण एवं व्यवसायिक प्रयोगलाई प्रोत्साहन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सेवा प्रदायकहरु, अनुसन्धान गर्ने संघसंस्थाहरु | निरन्तर | दूरसञ्चारका नविनतम, उन्नत एवं वैकल्पिक प्रविधिहरुको परिक्षण एवं व्यवसायिक प्रयोग हुने। | प्रविधि परीक्षण सम्बन्धी कार्यविधि, नविनतम प्रविधि सम्बन्धमा प्राधिकरणको अवधारणा पत्र |
| ८ | GIS मा आधारित दूरसञ्चार पूर्वाधार व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सेवा प्रदायकहरु | निरन्तर | दूरसञ्चार सेवा एवं पूर्वाधार विस्तारको अवस्था पूर्वाधार व्यवस्थापन प्रणालीमा नियमित रुपमा Update हुने। | प्राधिकरणको दूरसञ्चार सूचकहरुमा प्रकाशन हुने विवरण |
| ९ | दूरसञ्चार सेवा शुल्कलाई प्रभाव पार्ने कर, दूरसञ्चार सेवा शुल्क तथा दस्तुरहरूलाई तर्कसंगत पुनरावलोकन गर्ने। | अर्थ मन्त्रालय/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | ६ महिना | दूरसञ्चार सँग सम्बन्धित कर, सेवा शुल्क तथा दस्तुरहरू पुनरावलोकन हुने। | परिवर्तित कर, सेवा शुल्क तथा दस्तुरहरू |
| १० | वैज्ञानिक तथा सरलीकृत सेवा शुल्क लागू गर्न महशुल दर स्वीकृति सम्बन्धि निर्देशिका तयार पारि कार्यान्वयनमा ल्याउने। | नेपाल दूरसञ्चार प्राधिकरण | | ६ महिना | महशुल दर स्वीकृति सम्बन्धि निर्देशिका तयार भई कार्यान्वयनमा आउने। | महशुल दर स्वीकृति सम्बन्धि निर्देशिका |
| ११ | अन्तर्राष्ट्रिय व्याण्डविथको मूल्य कम गर्नको लागि समुद्रसम्म पहुँच पुर्याउने एवं व्याण्डविथ खरिद तथा वितरण | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १ बर्ष | व्याण्डविथ खरिद तथा वितरण प्रक्रियालाई थप व्यवस्थित बनाउन अध्ययन | अन्तर्राष्ट्रिय व्याण्डविथको मूल्यमा आउने सुधार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रक्रियालाई थप व्यवस्थित गर्ने। | | | | भई सिफारिश कार्यान्वयन हुने। | |
| १२ | ब्रोडव्याण्ड सेवामा उपभोक्ताको पहुँच बढाउन देशभित्र दूरसञ्चार उपकरणको उत्पादन/Assembling गर्ने कार्यलाई प्रोत्साहन तथा दूरसञ्चार उपकरणमा कर सहुलियत प्रदान गर्ने। | अर्थ मन्त्रालय/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | १ बर्ष | दूरसञ्चार उपकरणहरु थप सस्तो भई सेवामा उपभोक्ताको पहुँच बढ्ने। | कर सहुलियत एवं अन्य प्रोत्साहन सम्बन्धी निर्णय एवं कार्यान्वयन |
| १३ | दूरसञ्चार सेवामा महिला, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको पहुँच प्रवर्द्धन गरी Digital Inclusion सुनिश्चित गर्न किफायती सेवा प्याकेज तथा लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | Digital Inclusion प्रवर्द्धन हुने। | किफायती सेवा प्याकेज सञ्चालन, लक्षित सहयोग कार्यक्रम सञ्चालन |
| १४ | उपभोक्ताले सेवा प्रदायक छनौट गर्न पाउने अवसर सुनिश्चित गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ३ बर्ष | दूरसञ्चार सेवाको पहुँच एवं प्रयोग बृद्धी हुने। | प्रति पालिका सेवा प्रदायकको संख्या |
| १५ | दूरसञ्चार पूर्वाधार, प्रणाली तथा सेवालाई थप व्यवस्थित, भरपर्दो र गुणस्तरीय बनाउन दूरसञ्चार नेटवर्क डिजाइन, स्थापना, सञ्चालन र प्राविधिक परीक्षण सम्बन्धी मापदण्ड बनाउने। | नेपाल दूरसञ्चार प्राधिकरण | | १ बर्ष | दूरसञ्चार पूर्वाधार, प्रणाली तथा सेवा थप व्यवस्थित, भरपर्दो र गुणस्तरीय हुने। | दूरसञ्चार नेटवर्क डिजाइन, स्थापना, सञ्चालन र प्राविधिक परीक्षण सम्बन्धी मापदण्ड |
| १६ | सेवाको गुणस्तर सम्बन्धी समय सापेक्ष मापदण्ड निर्धारण गरी सोको पूर्ण पालना सुनिश्चित गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | | ६ महिना | तोकिएको स्तरको दूरसञ्चार सेवा उपलव्ध हुने। | सेवाको गुणस्तर सम्बन्धी विनियमावली, गुणस्तर मापन सम्बन्धी प्रतिवेदन |
| १७ | दूरसञ्चार प्रणालीको सुरक्षाको लागि आवश्यक मापदण्ड बनाउने एवं CERT मार्फत साइबर सुरक्षा निगरानी र | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ सेवा प्रदायकहरु | निरन्तर | दूरसञ्चार प्रणालीको साइबर सुरक्षा निगरानी र प्रतिक्रिया प्रणाली सुदृढ | नेटवर्क तथा उपकरणहरुको सुरक्षा सम्बन्धी मापदण्ड, CERT को स्थापना एवं |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रतिक्रिया प्रणाली सुदृढ बनाउने । | | | | हुने। | सञ्चालन |
| १८ | ग्राहकसँग सम्बन्धित तथ्याङ्कहरु संकलन, भण्डारण तथा प्रशोधन गर्दा सुरक्षा, गोपनियता, अखण्डता, उपलव्धता तथा जवाफदेहीता प्रत्याभूति गर्न अनिवार्य व्यवस्था गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६ महिना | तथ्याङ्कहरु सुरक्षित हुने। | तथ्याङ्कहरुको सुरक्षा, गोपनियता, अखण्डता, उपलव्धता तथा जवाफदेहीता सम्बन्धी व्यवस्था |
| १९ | सार्वजनिक स्थानमा उपलव्ध WiFi सेवालाई नियमन तथा व्यवस्थापन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सेवा प्रदायकहरु | निरन्तर | सार्वजनिक WiFi सेवा व्यवस्थित हुने। | सार्वजनिक WiFi सेवा सञ्चालन, नियमन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था |
| २० | सम्भावित विपदमा समेत दूरसञ्चार सेवा सुचारु रहन सक्ने गरी विपद प्रतिरोधी पूर्वाधार तथा वैकल्पिक नेटवर्क संरचना एवं National Emergency Telecommunication Plans विकास गराउने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ सेवा प्रदायकहरु | ३ बर्ष | विपद व्यवस्थापनमा सहयोग पुग्ने। | वैकल्पिक नेटवर्क संरचना सम्बन्धी मापदण्ड, मापदण्ड पालना सम्बन्धी प्रतिवेदन, National Emergency Telecommunication Plans |
| २१ | विपद व्यवस्थापन, पुनर्स्थापना तथा पुनर्निर्माणको निमित्त दूरसञ्चार प्रणाली तयारी अवस्थामा राख्न बिस्तृत योजना तयार पार्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६ महिना | विपद व्यवस्थापन, पुनर्स्थापना तथा पुनर्निर्माणको निमित्त दूरसञ्चार प्रणाली तयारी अवस्थामा रहने। | विपद व्यवस्थापन, पुनर्स्थापना तथा पुनर्निर्माणको निमित्त दूरसञ्चार प्रणाली सम्बन्धी बिस्तृत योजना |
| २२ | सम्भावित विपदका जोखिमबारे सबै नागरिकसम्म समयमै सूचना पुऱ्याउने Early Warning for All प्रणालीको विकास तथा प्रभावकारी कार्यान्वयन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ गृह मन्त्रालय | २ बर्ष | विपदको पूर्वतयारी एवं व्यवस्थापनमा सहयोग पुग्ने। | Early Warning for All प्रणालीको विकास तथा कार्यान्वयन |
| २३ | प्रविधि तथा सेवा तटस्थ नीति | नेपाल दूरसञ्चार | | ६ महिना | खुल्ला एवं पारदर्शी बिधि | अनुमतिपत्र सम्बन्धी मापदण्ड |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अवलम्बन गरी खुल्ला एवं पारदर्शी बिधि मार्फत अनुमति पत्र प्रदान गर्ने। | प्राधिकरण | | | मार्फत अनुमति पत्र प्रदान हुने। | एवं कार्यविधि |
| २४ | अनुमतिपत्रलाई एकीकृत अनुमतिपत्र (सेलुलर फ्रिक्वेन्सी प्राप्त गर्नेलाई प्रदान गरिने अनुमतिपत्र), साधारण अनुमतिपत्र (नेटवर्क सेवा, इन्टरनेट सेवा), पुर्वाधार अनुमतिपत्र (टावर पुर्वाधार, फाइबर पुर्वाधार, Access पूर्वाधार) र अन्य अनुमतिपत्र (Value Added) मा वर्गीकरण गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १ बर्ष | हाल जारी भएका अनुमतिपत्र परिमार्जन हुने। नयाँ अनुमतिपत्रहरु समेत सरल र व्यवस्थित हुने। | परिमार्जन एवं जारी हुने अनुमतिपत्र |
| २५ | हाल अनुमतिपत्र एवं फ्रिक्वेन्सीमा फरक फरक प्रतिस्पर्धा गराइने गरिएकोमा अन्तर्राष्ट्रिय प्रचलनलाई मध्यनजर गरी फ्रिक्वेन्सी दस्तुरमा बढाबढ गरी अनुमतिपत्र प्रदान गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | ६ महिना | अनुमतिपत्र एवं फ्रिक्वेन्सी वितरण प्रक्रिया थप व्यवस्थित हुने। | अनुमतिपत्र एवं फ्रिक्वेन्सीको फरक फरक प्रतिस्पर्धा सम्बन्धी प्रावधान संशोधन |
| २६ | बार्षिक आम्दानीको निश्चित प्रतिशत अनुमतिपत्र नविकरण दस्तूर हुने गरी कायम गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | ६ महिना | | नविकरण दस्तूर सम्बन्धी व्यवस्था संशोधन |
| २७ | दूरसञ्चार पूर्वाधार सेवा प्रदान गरिरहेका सार्वजनिक निकायहरुलाई अनुमतिपत्रको दायरामा ल्याउने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६ महिना | दूरसञ्चार पूर्वाधार सेवा थप व्यवस्थित हुने। | दूरसञ्चार पूर्वाधार सेवा प्रदान गर्ने सार्वजनिक निकायले अनुमतिपत्र प्राप्त गर्नु पर्ने सम्बन्धी निर्देशिका |
| २८ | अन्तर्राष्ट्रिय प्रचलनलाई समेत आधार मानी सीमित श्रोतको रुपमा रहेको रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, सीमा तथा आधार मूल्य निर्धारण गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | ६ महिना | समय सापेक्ष रुपमा रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, सीमा तथा आधार मूल्य निर्धारण हुने। | रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, सीमा तथा आधार मूल्य सम्बन्धी नीति/व्यवस्था |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | रेडियो फ्रिक्वेन्सीको अधिकतम उपलब्धता सुनिश्चित गर्दै, माग र आपूर्तिलाई मध्यनजर गरी फ्रिक्वेन्सी रोडम्याप तयार गर्ने तथा यसको वितरण प्रक्रियालाई पारदर्शी, वैज्ञानिक एवं परिस्कृत बनाउने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६ महिना | दूरसञ्चार पूर्वाधारमा सेवा प्रदायकलाई अधिक भार नपर्ने, सेवाको गुणस्तर कायम हुने, नयाँ सेवा/प्रविधिको प्रयोग बढ्ने। | रेडियो फ्रिक्वेन्सी रोडम्याप, रोडम्याप कार्यान्वयन |
| ३० | फ्रिक्वेन्सी प्रयोगको परीक्षण, स्थलगत अनुगमन एवं इन्टरफेरेन्स पहिचान तथा निवारणको लागि कार्यविधि तयार गरी लागू गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६ महिना | इन्टरफेरेन्स रहित फ्रिक्वेन्सीको उपलव्धता एवं उच्चतम उपयोगिता सुनिश्चित हुने। | फ्रिक्वेन्सी अनुगमन सम्बन्धी कार्यविधि |
| ३१ | स्थिर र पूर्वानुमानयोग्य नियामकीय वातावरण सहित समान अनुमतिपत्र प्राप्त सेवा प्रदायकलाई समान अवसर (Level Playing Field) सुनिश्चित गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १ बर्ष | समान अनुमतिपत्र प्राप्त सेवा प्रदायकलाई समान अवसर सुनिश्चित हुने। | विभेदयुक्त कानुनहरुलाई संशोधन एवं खारेज गर्ने अध्ययन र सोको कार्यान्वयन |
| ३२ | न्यूनतम २०% (बीस प्रतिशत) स्वदेशी सहभागिता हुनु पर्ने गरी दूरसञ्चार क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | ६ महिना | स्वदेशी सहभागिताको सुनिश्चितता सहित दूरसञ्चार क्षेत्रमा वैदेशिक लगानी आकर्षित हुने। | स्वदेशी र विदेशी लगानी सम्बन्धी कानूनी व्यवस्था |
| ३३ | दूरसञ्चार क्षेत्रको विकास र विस्तारमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न सरलीकृत कानुनी व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | १ बर्ष | सरलीकृत कानुनी व्यवस्था हुने। | विद्यमान कानुनहरुलाई एकीकृत एवं खारेज गर्ने अध्ययन र सोको कार्यान्वयन |
| ३४ | दूरसञ्चार सेवासँग सम्बन्धित विषयहरुलाई एकद्वार प्रणाली मार्फत नियमन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | सरलीकृत नियमन हुने। | एकद्वार प्रणाली मार्फत नियमन सम्बन्धी व्यवस्था |
| ३५ | सहप्रयोग गर्न सकिने दूरसञ्चार पूर्वाधारमा दोहोरो लगानी निरुत्साहित | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६ महिना | दूरसञ्चार पूर्वाधारको सहप्रयोग बृद्धी भई | दूरसञ्चार पूर्वाधार सहप्रयोग सम्बन्धी व्यवस्था |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्न तथा सेवाप्रदायकको स्वामित्वमा भएका पूर्वाधारहरु साझेदारी गर्न प्रोत्साहित गर्ने। | | | | पूर्वाधारमा हुने लगानी घट्ने। | |
| ३६ | सेवा प्रदायक र OTT/Content Provider हरुबीच सहकार्यको वातावरण तयार गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | १ बर्ष | दूरसञ्चार क्षेत्रको दिगो विकास हुने। | OTT Regulatory Framework, OTT/Content Provider हरुसँग सहकार्यको Modality |
| ३७ | सेवा प्रदायकहरुबीच Interconnection सुनिश्चित गर्ने एवं Mobile Number Portability को व्यवस्था गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सेवा प्रदायकहरु | २ बर्ष | दूरसञ्चार सेवा प्रदायक बिच Level Playing Field कायम हुने। | Interconnection एवं Mobile Number Portability सम्बन्धी व्यवस्था र सोको कार्यान्वयन |
| ३८ | सेवा प्रदायकका प्रतिस्पर्धा-विरोधी अभ्यास नियन्त्रण गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | दूरसञ्चार क्षेत्र थप प्रतिस्पर्धी हुने। | प्रतिस्पर्धा प्रवर्द्धन, अनुगमन र अनुपालन सम्बन्धी व्यवस्था तथा सो को कार्यान्वयन |
| ३९ | तार व्यवस्थापन गर्न Local Loop Unbundling का लागि स्थानीय सरकार तथा निजी क्षेत्र बीच समन्वय गरी आवश्यक व्यवस्था गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय / स्थानीय सरकार/ निजी क्षेत्र | १ बर्ष | तार व्यवस्थापन हुने। | Local Loop Unbundling सम्बन्धी व्यवस्था तथा सो को कार्यान्वयन |
| ४० | दूरसञ्चार सेवालाई सार्वजनिक Utility को रुपमा वर्गिकरण गर्दै सडक/राजमार्गहरुमा Duct स्थापना गर्न अनिवार्य व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | भौतिक योजना तथा निर्माण मन्त्रालय/ स्थानीय सरकार | ६ महिना | दूरसञ्चार सेवाको विस्तारमा सहयोग पुग्ने। | दूरसञ्चार सेवालाई सार्वजनिक Utility घोषणा, Duct स्थापना सम्बन्धी व्यवस्था |
| ४१ | नवीनतम प्रविधिहरुलाई समेत समेट्ने गरी National Numbering Allocation/Assignment Plan, IP Addressing Scheme (IPv6) लाई अध्यावधिक गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | | ६ महिना | IP Numbering लाई समेटेर Numbering Plan समय सापेक्ष हुने। | National Numbering Allocation/Assignment Plan संशोधन |
| ४२ | डिजिटल KYC निर्देशिका जारी गरी | नेपाल दूरसञ्चार | सञ्चार तथा सूचना | ६ महिना | मोवाइल सेवाका Unique | डिजिटल KYC सम्बन्धी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सबै सेवा प्रदायकका ग्राहकहरुको पहिचान प्रणालीमा एकरुपता ल्याउने। | प्राधिकरण | प्रविधि मन्त्रालय / गृह मन्त्रालय | | Subscriber को संख्या पहिचान हुने। | निर्देशिका |
| ४३ | विदेशी मुद्रा, उपकरण सिफारिश, Right of Way जस्ता कार्यलाई सरलीकृत र प्रभावकारी बनाउन अन्तर निकाय पोर्टल सञ्चालन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ सम्बन्धित निकायहरु | १ बर्ष | सेवा प्रदायकलाई प्रदान गरिने सहजिकरण प्रक्रिया थप सरल र Trackable हुने। | सेवा प्रदायक सहजिकरण अन्तर निकाय पोर्टल विकास र सञ्चालन |
| ४४ | ऊर्जा दक्ष (Energy Efficient), हरित उर्जा र वातावरणमैत्री दूरसञ्चार पूर्वाधार प्रयोगलाई प्रोत्साहन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | वातावरणमैत्री दूरसञ्चार पूर्वाधारको विकास हुने। | ऊर्जा दक्ष, हरित र वातावरणमैत्री दूरसञ्चार पूर्वाधार प्रयोग सम्बन्धी व्यवस्था |
| ४५ | प्रयोगयोग्य नरहेका पुराना इलेक्ट्रोनिक उपकरण (e-Waste) हरुको Dismantle, संकलन, भण्डारण एवं पुनर्चक्रणको लागि आवश्यक व्यवस्था गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १ बर्ष | e-Waste व्यवस्थापन हुने। | Equipment Inventory Tracking System, e-Waste व्यवस्थापन सम्बन्धी व्यवस्था |
| ४६ | सेवा प्रदायकको आर्थिक दिगोपना (Financial Sustainability) को लागि सेवाको विविधिकरण (Data Center, Cloud, Digital Services) गर्न प्रोत्साहन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १ बर्ष | सेवा प्रदायकको आर्थिक दिगोपना सुनिश्चित हुने। | नियम एवं प्रोत्साहनहरुको व्यवस्था |
| ४७ | सेवा प्रदायक तथा ग्राहकहरुसँग सम्बन्धित विवाद समाधानको लागि Dispute Resolution Mechanisms लाई प्रभावकारी बनाउने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६ महिना | विवाद समाधान गर्न सहज हुने। | Dispute Resolution Mechanisms को प्रवन्ध |
| ४८ | विद्यमान दूरसञ्चार ऐन, नियम लगायतका कानुनी व्यवस्थाहरुको | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ | | १ बर्ष | समयानुकुल कानुनी व्यवस्थाहरु हुने। | ऐन, नियम, निर्देशिका, विनियम, कार्यविधिहरु जारी, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुनरावलोकन र आवश्यक संशोधन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | | | | संशोधन, खारेज वा यथास्थितिमा राख्ने निर्णय |
| ४९ | सेवा प्रदायक कम्पनीको स्वामित्व परिवर्तन एवं सेयर खरिद-बिक्री र लगानी संरचना सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | ६ महिना | स्वामित्व परिवर्तन एवं सेयर खरिद-बिक्री सम्बन्धी द्विविधा हट्ने। | स्वामित्व परिवर्तन, सेयर खरिद-बिक्री र लगानी संरचना सम्बन्धमा कानूनी व्यवस्था |
| ५० | कानूनी निगरानी (Lawful Interception) को प्रयोग एवं प्रक्रिया सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | १ बर्ष | कानूनी निगरानीको प्रयोग एवं प्रक्रिया सम्बन्धमा स्पष्टता आउने। | Lawful Interception सम्बन्धी कानूनी व्यवस्था |
| ५१ | अन्तर्राष्ट्रिय उत्तम प्रचलन बमोजिम नियामकको संस्थागत संरचना सुदृढीकरण एवं सक्षम मानव संसाधन विकास गरी प्रभावकारी अनुगमन तथा अनुपालन कार्य गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ नेपाल दूरसञ्चार प्राधिकरण | | १ बर्ष | नियामकको संस्थागत सुदृढीकरण एवं सक्षम मानव संसाधन विकास भई प्रभावकारी नियमन हुने। | संगठन व्यवस्थापन सर्भे, Work Performance Audit, उपयुक्त जनशक्ति पहिचान, क्षमता विकास कार्यक्रम, वार्षिक प्रतिवेदन |
| ५२ | राष्ट्रिय हितलाई मध्यनजर गर्दै दूरसञ्चार क्षेत्रको विकास र विस्तारको लागि अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय एवं सहकार्य गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | नियामकको क्षमता विकास हुने एवं अन्तर्राष्ट्रिय स्तरमा नेपालको उपस्थिति बढ्ने। | दूरसञ्चार सम्बन्धी संघ संस्थाहरुमा नेपालको सदस्यता, नेपालले पेश गर्ने विषय एवं सहभागिता |
| ५३ | संघिय सरकार, प्रदेश सरकार र स्थानीय तह मार्फत प्रदान गरिने सेवा एवं सूचना प्रवाहलाई स्वचालित एवं प्रभावकारी बनाउन दूरसञ्चार प्रविधिको प्रयोग गर्ने। | सार्वजनिक निकायहरु | नेपाल दूरसञ्चार प्राधिकरण | निरन्तर | सार्वजनिक निकायको सेवा एवं सूचना प्रवाह स्वचालित एवं प्रभावकारी हुने। | स्वचालित सेवा एवं सूचना प्रवाह गर्ने सार्वजनिक निकायहरुको संख्या |
| ५४ | दिगो विकासका लक्ष्य हाँसिल गर्न दूरसञ्चार प्रविधिको अधिकतम उपयोग गर्ने। | सार्वजनिक निकायहरु/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | निरन्तर | दिगो विकासका लक्ष्य हाँसिल गर्न सहयोग पुग्ने। | दिगो विकासका लक्ष्य हाँसिल गर्न दूरसञ्चार प्रविधिको उपयोग सम्बन्धी निर्देशिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५५ | शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन लगायतका क्षेत्रहरु (Sectors) मा ब्रोडव्याण्ड सेवाको अर्थपूर्ण पहुँच सुनिश्चित गर्न तथा डिजिटल सेवा प्रवाहलाई सहजीकरण गर्न सम्बन्धित मन्त्रालय, नियामक एवं अन्य निकायहरुको संस्थागत भूमिका तथा अन्तर-संस्थागत समन्वय सुदृढ बनाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ नेपाल दूरसञ्चार प्राधिकरण | सम्बन्धित मन्त्रालय, नियामक एवं अन्य निकायहरु | निरन्तर | विभिन्न Vertical Sector हरुमा ब्रोडव्याण्ड सेवाको पहुँच र प्रयोग बढ्ने। | अन्तर निकाय Regulatory Framework र सो को कार्यान्वयन |
| ५६ | प्रविधिगत विकास र भविष्यको आवश्यकतालाई मध्यनजर गर्दै दक्ष जनशक्ति उत्पादन गर्न सरकार, निजी क्षेत्र तथा शैक्षिक संस्थाहरुबीच सहकार्य गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ नेपाल दूरसञ्चार प्राधिकरण | शैक्षिक संस्थाहरु, निजी क्षेत्र | निरन्तर | नवीनतम विषयहरुको अध्यापन एवं छात्रवृत्ति मार्फत दक्ष प्राविधिक जनशक्ति उत्पादन हुने। | सहकार्यको प्रारुप सम्बन्धी दस्तावेज, Memurandum of Understanding मा हस्ताक्षर र कार्यान्वयन |
| ५७ | डिजिटल खाडल कम गर्न डिजिटल साक्षरता, सीप विकास एवं सुरक्षासँग सम्बन्धित कार्यक्रम तर्जुमा गरी लागू गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ नेपाल दूरसञ्चार प्राधिकरण | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, निजी क्षेत्र | निरन्तर | डिजिटल साक्षरता, सीप विकास एवं सुरक्षासँग सम्बन्धित कार्यक्रम सञ्चालन हुने। | डिजिटल साक्षरता, सीप विकास एवं सुरक्षासँग सम्बन्धित कार्यक्रमको पहिचान र कार्यान्वयन |
| ५८ | ग्रामीण क्षेत्रमा सामुदायिक सूचना केन्द्र स्थापना गरी प्रविधि मैत्री समाज विकास गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ बर्ष | ग्रामीण क्षेत्रमा डिजिटल सेवा प्रवाह एवं सीप विकास हुने। | ग्रामीण सामुदायिक सूचना केन्द्र स्थापना सम्बन्धी कार्यविधि, ग्रामीण सामुदायिक सूचना केन्द्र स्थापना |
| ५९ | स्थानीय डिजिटल सामाग्रीको विकास (Content Development) को कार्यलाई प्रोत्साहन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ नेपाल दूरसञ्चार प्राधिकरण | निजी क्षेत्र | निरन्तर | डिजिटल मिडियाको प्रयोग उत्पादनशिल हुने। | डिजिटल सामाग्रीको विकासलाई प्रोत्साहन गर्ने सम्बन्धी व्यवस्था |
| ६० | दूरसञ्चारका उपभोक्ताको गुनासो | नेपाल दूरसञ्चार | | ६ महिना | उपभोक्ताको गुनासो | उपभोक्ता गुनासो व्यवस्थापन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समयमै सम्बोधन हुने एवं हकहित संरक्षण हुने व्यवस्थालाई प्रभावकारी बनाउने। | प्राधिकरण | | | सम्बोधन एवं हकहित संरक्षण हुने। | प्रणालीको स्थापना र सञ्चालन |
| ६१ | दूरसञ्चार प्रविधिको दुरुपयोग गरी हुने सबै प्रकारका ठगी नियन्त्रण गर्न कानुनी एवं संरचनागत व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ नेपाल दूरसञ्चार प्राधिकरण | गृह मन्त्रालय | १ बर्ष | प्रविधिजन्य ठगी नियन्त्रण हुने। | प्रविधिजन्य ठगी नियन्त्रण सम्बन्धी कानुन तर्जूमा, संरचनागत व्यवस्था |
| ६२ | विश्वविद्यालय, उद्योग, अनुसन्धानमा संलग्न संस्थाहरु तथा सरोकारवालाहरुसँग समन्वय गरी नवीनतम सञ्चार प्रविधि विषयमा अध्ययन, अनुसन्धान, तालिमलाई प्रोत्साहन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ नेपाल दूरसञ्चार प्राधिकरण | विश्वविद्यालय, उद्योग, अनुसन्धानमा संलग्न संस्थाहरु | निरन्तर | दूरसञ्चार सम्बन्धमा अध्ययन, अनुसन्धान तथा तालिम सञ्चालन हुने। | Innovation Hub/ Excellence Center/ Training Center स्थापना गर्ने सम्बन्धी व्यवस्था, Innovation Hub/ Excellence Center/ Training Center स्थापना र सञ्चालन |
| ६३ | दूरसञ्चार सेवामा कृत्रिम बौद्धिकताको सदुपयोगलाई प्रोत्साहन गर्ने। | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ सेवा प्रदायकहरु | निरन्तर | दूरसञ्चार सेवा अत्याधुनिक एवं भरपर्दो हुने। | कृत्रिम बौद्धिकताको प्रयोग भएका सेवाहरुको संख्या |
| ६४ | सार्वजनिक तथा निजी क्षेत्र बीचको सहकार्यमा डिजिटल उद्यमशीलता, नवप्रवर्तन एवं Startup विकास गर्ने कार्यलाई प्रोत्साहन दिने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ नेपाल दूरसञ्चार प्राधिकरण | सार्वजनिक तथा निजी क्षेत्र | निरन्तर | डिजिटल उद्यमशीलता, नवप्रवर्तन एवं Startup हरुको विकास हुने। | नवप्रवर्तन कोष सम्बन्धी व्यवस्था, कोषको स्थापना र सञ्चालन |